स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




युवापुस्ताका लोकप्रिय अभिनेता अनमोल केसी फिल्म मार्फत दर्शक माझ दुई वर्षपछि देखिँदै छन् । प्रेमकथाका फिल्म मार्फत रोमान्टिक हिरोका छवि बनाएका उनी यसपटक रोमान्टिक कमेडी जनरामा देखिएका छन् । हरेक फिल्ममा फरक फरक भूमिका निर्वाह गर्न रुचाउने उनी फिल्म 'फर्की फर्की'मा भूमिका म्याडीको चरित्रमा छन् । आफ्ना अघिल्ला प्रेम कथानक झैं नलागोस् भनेर रोमान्टिक कमेडीसँगै 'टाइम लुप'को कन्सेप्ट फिल्ममा राखिएको अनमोलले बताउँछन् ।

**आजको विचार...**



इतर...
(दुई पेजमा)

शर्वराज आचार्य



निकेश खड्काको निर्देशन तथा अर्जुन कुमारको निर्माण रहेको फिल्ममा स्वस्तिमा खड्का यो एपमा व्यवस्था रहेको 'सिनेक्वाइन' अर्थात् विज्ञापन हेरेर बिना शुल्क पनि फिल्म हेर्न सकिनेछ। सिनेमाघर एपमा यसअघि 'जय भोले', 'पानी फोटो', 'प्रेमगञ्ज', 'दोख' लगायतका फिल्म रिलिज भैसकेका छन्। अर्को महिना फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' रिलिजको तयारी गारिएको छ। सबै प्रकारका स्मार्ट डिभाइसमा उपलब्ध रहेको यो एपमा फिल्म हेर्न नेपालका डिजिटल वालेट र विदेशबाट गुगल पे, पेपल तथा डेबिट-क्रेडिट कार्डसहित गुगल प्लेबाट सीधै पेमेन्ट पनि गर्न सकिन्छ।


❐ वर्ष २९ ❐ अंक २८६ ❐ २०८१ जेठ ३ गते विहीबार 16 May 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## सक्षिप्त समाचार

### बबईमा डुबेर दाजुभाइको मृत्यु



**तुलसीपुर (दाङ),** जेठ २/पौडी खेल्ने क्रममा डुबेर दाजुभाइको मृत्यु भएको छ । बबई नदीमा पौडी खेल्ने क्रममा बबई गाउँपालिका-७ ओदाले घाटमा डुबेर दाजुभाइको मृत्यु भएको हो ।

भारतबाट फूपूको घरमा आएका १८ वर्षीय दीपक परियार र १६ वर्षीय दिपेश परियारको डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय खिलतपुरका प्रहरी निरीक्षक अजयजङ्ग थापाले बताए ।

दीपकको उपचारका क्रममा प्रादेशिक अस्पताल तुलसीपुरमा र दिपेशको घटनास्थलमै मृत्यु भएको हो । मृतकका परिवार कामको सिलसिलामा भारत बस्ने गरेका थिए । *-रासस*

# पाल्पाका स्थानीय सरकारले चलाए गाउँमै शिविर

## १५ हजार २ सय बढीले लिए सेवा

**संगीता आचार्य**

**पाल्पा,** जेठ २/जिल्लाका अधिकांस स्थानीय सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेका छन् । उनीहरुले एकृकित घुम्ती शिविरमार्फत होस् वा स्वास्थ्य शिविर नै सञ्चालन गरेर किन नहोस् आमनागरिकको नि:शूल्क स्वास्थ्य परीक्षण र औषधि उपचार गरी स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्ने गरेका हुन् ।

गरिब, असहाय तथा स्वास्थ्यको पहुँच भन्दा बाहिर रहेका नागरिकका लागि गाउँमै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यहाँका स्थानीय सरकारले नि: शूल्क स्वास्थ्य शिविर चलाउने गरेका छन् । जिल्लाका ठूला अस्पतालहरु युनाईटेड मिसन अस्पताल,जिल्ला अस्पताल र लुम्बिनी मेडिकल कलेजसम्म उपचार गर्न जान नसकेका जेष्ठ, अशक्त नागरिकहरुलाई विशेषज्ञ चिकित्सकसहितको टोली गाउँ-गाउँमा पुऱ्याएर पालिकाका स्वास्थ्य शाखाहरुले

स्थानीय सरकारले सन्चालन गरेको स्वास्थ्य शिविर विवरण

| क्र.स. | स्थानीय तहको नाम | सेवाग्राहीको संख्या |
|---|---|---|
| १ | बगनासकाली गाउँपालिका | ६६९० |
| २ | रम्भा गाउँपालिका | ३७७० |
| ३ | तिनाउ गाउँपालिका | २५४८ |
| ४ | रैनादेवी छहरा गाउँपालिका | २७१ |
| ५ | निस्दी गाउँपालिका | १७८६ |
| ६ | तानसेन नगरपालिका | २३२ |
| | जम्मा | १५२९७ |



२०८०/०८१ को हालसम्म जिल्लाका ६ स्थानीय सरकारले सञ्चालन गरेका शिविरमार्फत १५ हजार २ सय ९७. जनाले सेवा लिएका छन् । यहाँको बगनासकाली गाउँपालिकाका विभिन्न ग्रामीण क्षेत्रमा सञ्चालन गरिएका शिविरमा ६ हजार ६ सय ९० जनाले सेवा लिएका छन् । पालिकाले बैशाख १४ गतेदेखि २३ गतेसम्म ९ वटै वडाका गाउँहरुमा शिविर सञ्चालन गरेको थियो । उक्त शिविरमा ५ हजार ६ सय १६ महिला र १ हजार ७४ जना पुरुषले स्वास्थ्य परीक्षण गराएका थिए । गाउँमा रहेका अशक्त, असहाय, जेष्ठ नागरिकहरुको नि:शुल्क रुपमा स्वास्थ्य परीक्षण गरिएको पालिकाका स्वास्थ्य शाखा प्रमुख मणीराम अधिकारीले बताए । उनले भने 'गाउँबाट सहरसम्म स्वास्थ्यमा पहुँच नभएका नागरिकलाई सबै प्रकारका सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको हो ।' त्यस्तै रम्भा गाउँपालिकाले मंसिर २६ देखि ३० गतेसम्म पाँच वटै वडामा पुगेर स्वास्थ्य शिविर चलाएको थियो । उक्त शिविरमा २ हजार ९ सय ५३ जना महिला, र ८ सय १७ जना पुरुष गरी ३ हजार ७ सय ७० जनाले सेवा लिएका थिए । शिविरमा सबै किसिमका रोगको परीक्षण गरिएको स्वास्थ्य शाखा प्रमुख शिव प्रसाद अर्यालले बताए । यस्तै तिनाउ गाउँपालिकाले माघ १२ र १३ गते पाठेघरको मुखमा क्यान्सर परीक्षण शिविर सञ्चालन गरेको थियो । जसमा ३ सय ६६ जना महिलाहरुले चेक जाँच गरेका थिए । जहाँ भि.आई.ए पोजेटिभ भएका महिलाहरु ४० जना रहेको स्वास्थ्य शाखा प्रमुख कृष्ण कार्कीले बताए । पौष २१ र २२ गते मोतिविन्दु जाँच गराउने १ हजार ३ सय जनाले चेक गराउँदा ९९ जनाको शल्यक्रिया गरिएको थियो । ७ सय बढीको रगत परीक्षणमा ४३ जना मधुमेहका विरामी फेला परेका थिए । उता रैनादेवी छहरा गाउँपालिकामा पनि नि:शूल्क स्वास्थ्य शिविर चलाइएको छ । गत असोज र कार्तिकमा पालिकाले शिविर चलाएको थियो । उक्त शिविरबाट २ सय ७१ जनाले स्वास्थ्य सेवा लिएको स्वास्थ्य शाखा प्रमुख जीवन रानाले बताए । उनका अनुसार ग्रामीण क्षेत्रमा रहेका असशक्त, असहाय नागरिकको स्वास्थ्य परीक्षण गरिएको थियो । निस्दी गाउँपालिकामा पनि गत फागुन २३ देखि ३० गतेसम्म स्वास्थ्य शिविर सञ्चालन भएको थियो । जसमा १ हजार ३ सय ३४ जनाको आखा जाँच र ४ सय ५२ जना पाठेघरको मुखमा क्यान्सर भएका महिला गरी १ हजार ७ सय ८६ जनाले सेवा लिएको स्वास्थ्य शाखा संयोजक रेमबहादुर दिशाले बताए । यस्तै तानसेन नगरपालिकाले गत चैतमा अर्गेली र छेर्लुङ्गमा एकिकृत घुम्ति शिविरमार्फत स्वास्थ्य शिविर चलाएको थियो । अर्गेलीमा सञ्चालन भएको शिविरमा १ सय १२ र छुर्लुङ्गमा १ सय २० जनाले स्वास्थ्य सेवा लिएको स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपानेले बताए । यहाँका अन्य स्थानीय तहले समेत शिविर सञ्चालन गरेका छन् । स्थानीय सरकारले सञ्चालन गरेका शिविरमा सामान्य परीक्षणका अलावा हाडजोर्नी, छाती तथा फोक्सो, स्त्री रोग, फिजियोथेरापी, श्वासप्रश्वास र भिडियो एक्स-रेसहितको सुविधा उपलब्ध गराइएको थियो । परीक्षणपछि आवश्यक पर्ने सेवाग्राहीलाई नि:शुल्क औषधी पनि उपलब्ध गराइएको सम्बन्धित पालिकाका स्वास्थ्य शाखाले जनाएका छन् । उनीहरुले गम्भीर प्रकृतिका अस्पतालमै उपचार गराउनुपर्ने नागरिकका लागि सम्बन्धित अस्पतालमा जान सुझाव दिएका छन् । गाउँमा नै विशेषज्ञ सेवा प्राप्त भएपछि सर्वसाधारणहरू खुसी भएका थिए । जिल्लामा सरकारी अस्पतालको अवस्था प्रभावकारी नहुँदा सामन्य नागरिकले निजी तथा सामुदायिक अस्पतालमा महँगो शुल्क तिरे औषधी उपचार गर्नुपर्ने बाध्यता रहेको छ । सरकारले चलाएको स्वास्थ्य बिमा समेत निरन्तर सञ्चालनमा नआउँदा नाागरिक मर्कामा परेका छन् । यस्ता विरामीहरुका लागि नि:शुल्क स्वास्थ्य शिविरले महत्वपूर्ण टेवा पुग्ने गरेको सरोकारवालाहरु बताउँछन् ।

# सन्दीप लामिछानेले पाए सफाइ



**पाल्पा,** जेठ २/बलात्कार मुद्दामा क्रिकेटर सन्दीप लामिछानेले सफाइ पाएका छन् । उच्च अदालत पाटनले जिल्ला अदालत काठमाडौंले गरेको फैसला उल्ट्याउँदै उनलाई सफाइ दिएको हो ।

न्यायाधीशद्धय सुदर्शनदेव भट्ट र अन्जु उप्रेती ढकालको संयुक्त इजलासले जिल्ला अदालतको फैसला बदर गर्दै लामिछानेलाई बुधबार सफाइ दिएको छ । अदालत स्रोतका अनुसार प्रमाण नपुगेको भन्दै लामिछानेलाई सफाइ दिएको हो । काठमाडौं जिल्ला अदालतले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गर्दै ८ वर्षको कैद र ५ लाख जरिवानाको सजाय सुनाएको थियो । उक्त फैसलाविरुद्ध लामिछाने र जाहेरीकर्ता उच्च अदालत पाटन गएका थिए । बुधबार दुवै पक्षका वकिलहरूको बहसका साथै जवाफी बहस सकिएपछि सर्वोच्चले लामिछानेलाई सफाइ दिएको हो । यसअघि पटकपटक सुनुवाइ स्थगित हुँदै आएको मुद्दाको सुनुवाइका लागि गत वैशाख २३ गते पेशी तोकिएको थियो । उक्त दिन 'हेर्न नमिल्ने'मा परेपछि मंगलबारका लागि पेशी तोकिएको थियो ।

अघिल्लो पेसीमा इजलासले मुद्दालाई प्राथमिकतामा राखेर हेर्ने आदेश दिएको थियो । यसअघि वैशाख ३ गते उच्च अदालतले गौशाला २६ ले जन्मदर्तामा जन्म मिति सच्याउन दिएको निवेदन र जन्ममिति स्पष्ट खुल्ने काजगात झिकाउन आदेश दिएको थियो । पछिल्लो फैसलासँगै लामिछानेलाई टि-२० विश्वकप खेल्ने ढोका खुलेको छ ।

# बालविवाहविरुद्धको अभियानमा सक्रिय हुँदै किशोरी

**देउखुरी (दाङ),** जेठ २/रुपन्देहीकी एक किशोरीलाई १३ वर्षको हुँदा घरमा विवाहको कुरा आयो । आमाले राम्रो घरबाट प्रस्ताव आएको छ, अब बिहे गर्नुपर्छ भन्दा कक्षा आठमा पढ्दै गरेकी ति किशोरी छागाबाट खसेजस्तै भइन् । 'विवाहबारे कल्पनासमेत गरेकी थिइनँ ।

भर्खर आठ कक्षा पढ्दै गरेकी मलाई त्यो कुरा सुन्दा कस्तो भयो होला' त्यसैमा आमाबाटै राम्रो केटा राम्रो छ भनेर फकाएको कुराले निकै पोल्यो !, ति किशोरीले भनिन् । असहमति हुँदा पनि परिवारले आफूलाई हेर्न भनि केटालाई घरमै ल्याएपछि राम्रो भनिएको केटाले १० कक्षा पढ्दैगर्दा विद्यालय छोडेको र केही काम नगरिरहेको सुनाएपछि आफू थप



मर्माहत भएको उनको भनाइ छ । 'उनको कुरा सुनेपछि मेरो मन झनै भाडियो, कुनै पनि हातलमा बिहे नगर्ने सोचमा पुगेँ । मैले त अडान लिए तर घरपरिवारको दबाबमा कतिपयले यस्तो गर्न सक्दैनन् नि', उनको भनाइ थियो, 'धेरै पढेलेखेका अभिभावकले पनि धेरै छोरी ठूली भएपछि विवाह गर्दा धेरै दाइजो दिनुपर्ने डरले पनि सानै उमेरमा विवाह गर्ने चलन रहेको छ ।' उनी अहिले सिर्जनशील संस्था नेपाल रुपन्देहीमा फिल्ड मोटिभेटरको रुपमा काम गरिरहेकी छन् । वालविवाह रोकथाममा सक्रिय भएर काम गरेकी छन् । सानो उमेरमा हुने विवाहको बारेमा गाउँघर, बालकल्व र विद्यालयमा पुगेर जनचेतना जगाउने गरेको उनले बताइन । आफ्नो विवाहको प्रतिकार गरेकी उनको पहलमा स्थानीयस्तरमा अरु छ वटा बालविवाह पनि रोकिएका छन् । नेपालगञ्जकी एक किशोरीको तीन वर्ष अघि १८ बर्षको उमेर हुँदा घरपरिवारले विवाह गरिदिए । आफ्नो असहमति हुँदाहुँदै परिवारले जबर्जस्ती विवाह गरिदिएको उनको गुनासो छ ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्नेह बढाउने परिवार दिवस

बुधबार अन्तर्राष्ट्रिय परिवार दिवस विविध कार्यक्रम गरी मनाइएको छ । यो दिवस अंग्रेजी क्यालेण्डर अनुसार मे १५ तारिखका दिन विश्वभर मनाईनुका साथै नेपालमा पनि मनाईन्छ । एउटा ब्यक्तिको जीवनमा परिवारको अहम भूमिका र महत्वलाई स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघले सन् १९९४ लाई परिवार वर्षको रुपमा घोषणा गरे यता विश्वभर परिवार, व्यक्ति, समाज र संस्कृतिको महत्व दर्शाउन संयुक्त राष्ट्रसंघले शुरु गरेको अभियानलाई विश्वव्यापीरुपमा मनाउने गरिएको हो । सन् १९९५ देखि भने हरेक वर्ष यो दिवस मनाउने गरिएको छ । वातावरण, सहरीकरण, हाम्रो संसार र विश्वव्यापी परिवारको गुणस्तर जीवन बनाउनु परिवार दिवसको मूल उद्देश्य हो ।

विश्वका विभिन्न मुलुकबीच परिवारिक विकास र सोचमा एकरूपता होस् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एकतामा वृद्धि होस् भन्ने विचारका साथ यो दिवस मनाउने गरेको पाइन्छ । विश्वका सबै राष्ट्रमा सामाजिक लाभका लागि परिवारको प्रयोग, परिवारको उपयोगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू नवीकरण, परिवारले सामना गरिरहेका महत्वपूर्ण चुनौतिमा जानकारी र पारिवारिक विकासका लागि हो ।

विश्व परिवार दिवसले मानविय जीवनमा परिवारको विश्वव्यापी महत्वको मार्मिकरूपमा कार्य गर्छ । यसमा समृद्ध सांस्कृतिक परम्परा र बलियो पारिवारिक मूल्यमान्यता भएको देश नेपालमा अन्तर्राष्ट्रिय परिवार दिवसको विशेष महत्व छ । मुलुकमा जहाँ सांस्कृतिक मूल्य र परम्पराहरू पारिवारिक जीवनसँग गहिरोरूपमा गाँसिएका छन् । यस दिनको पालनाले विशेष अर्थ राख्छ । जसरी परिवारले कहिलेकाँही हामीलाई संकुचित पनि बनाउँछ, परिवार र समुदायमा मात्र सीमित नभइकन समग्र विश्वभरिका परिवार र मान्छेलाई नै विश्वबन्धुत्वको भावनाले हेर्न पनि यस दिनले सन्देश दिन्छ । विश्वका हरेक परिवारलाई समावेशीपनाको आवश्यकता छ, समावेशी भएर हरेक वर्ग, धार, जात, धर्म या सोचका सदस्यलाई बृहतरूपमा स्वीकार गर्न सक्नु आजको परिवारको आवश्यकता पनि हो । यसर्थ हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय परिवार दिवसले पारिवारिक स्नेह, मेलमिलाप र समावेशीपनलाई थप बलियो बनाएर लैजान सकोस् ।

### Opinion @ Social Network

'पुरै जिन्दगी दुई शब्दमा रोकियो,
एउटा 'सास' मा अर्को 'आश' मा


*(मनिषा आलेफेसबुक स्टाटसबाट https://www.facebook.com/ale.manisha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इतर मातृभाषीलाई नेपालीको अलग पाठ्यसामग्री



**शर्वराज आचार्य**

*नेपाली सहित सबै मातृभाषी बालबालिकाले आधारभूत वा प्राथमिक तहका सामुदायिक विद्यालयमा माध्यम र विषयका रूपमा नेपाली भाषा सिक्छन् । सामाजिक, गणित, विज्ञान आदि विषय पनि नेपाली माध्यमबाट सिक्छन् । यता नेपाली भाषाको सामाजिक र पर्यावरणीय दबाब तथा विस्तारका कारण नेपालीहरू आम सञ्चार, सभा, गोष्ठी र संवाद गर्दा नेपाली भाषामा अभिव्यक्ति दिन मन पराउँछन् ।*

नेपालको संविधान २०७२ ले शिक्षासम्बन्धी मौलिक हक उल्लेख भएको धारा ३१ को उपधारा ५ मा नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने तथा सञ्चालन गर्ने हक हुन्छ भनेको छ । त्यसो भने तापनि आधारभूत तह वा प्राथमिक तहको शिक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषा रहेको छ । सामुदायिक विद्यालयतर्फ भने बहुधा नेपाली भाषा माध्यम प्रचलित छ । कुनै सामुदायिक विद्यालयमा शिक्षणको माध्यम अंग्रेजी भाषा बनाउने पहल पनिभएको छ । विसं २०७८ को जनगणाना अनुसार नेपालमा १२४ भन्दा धेरै मातृभाषा छन् । यसअनुसार नेपालीभाषीबाहेक अन्य भाषाभाषी नेपाली इतर मातृभाषी भए । नेपाली सहित सबै मातृभाषी बालबालिकाले आधारभूत वा प्राथमिक तहका सामुदायिक विद्यालयमा माध्यम र विषयका रूपमा नेपाली भाषा सिक्छन् । सामाजिक, गणित, विज्ञान आदि विषय पनि नेपाली माध्यमबाट सिक्छन् । यता नेपाली भाषाको सामाजिक र पर्यावरणीय दबाब तथा विस्तारका कारण नेपालीहरू आम सञ्चार, सभा, गोष्ठी र संवाद गर्दा नेपाली भाषामा अभिव्यक्ति दिन मन पराउँछन् । नेपालको संविधान अनुसार पनि नेपाली जनता र नेपाल सरकारबीचको सञ्चार सेतु नेपाली भाषा बनेको छ ।

प्राथमिक तह वा आधारभूत तहलाई शिक्षाको प्रारम्भिक आधार मानिन्छ । यस तहमा भाषिक सिकाइ कमजोर रहँदा उत्तरोत्तर सिकाइ उपलब्धि न्यून आउनुलाई अस्वाभाविक ठानिन्न । किनकि आधारभूत तहको अध्ययनपछि माध्यम भाषाको अध्ययन र भाषिक सीप सुधारको गुन्जायस कम देखिन्छ । हुनत माध्यमिक तह (कक्षा ९-१२), मानविकी, शिक्षा र वास्तु इन्जिनियरिङ स्नातकमा नेपाली भाषाको अध्ययन र सिपसुधारका अवसर हुन्छन् । अन्य स्नातक जस्तै विज्ञान प्रविधि, व्यवस्थापन, स्वस्थ्य वा चिकित्सा, कानुन, वन, पशुविज्ञान र कम्प्युटर विषयका स्नातकतर्फ माध्यम भाषाका सीप सुधारका अवसर देखिन्नन् ।

विसं २०७८ को जनगणनाको तथ्यांक हेर्दा नेपालमा कूल जनसंख्याको ७६.२ प्रतिशत नेपालीहरू साक्षर छन्, यसमध्ये २८.७ प्राथमिक तह र १९.९ प्रतिशतले आधारभूत तह उत्तीर्ण छन् । प्रवेशिका परीक्षा उत्तीर्ण गर्नेहरूको जनसंख्या पनि ९.५ प्रतिशत रहेको देखिन्छ । यसले आधारभूत तहदेखिका माथिल्ला कक्षामा विद्यार्थीहरूले माध्यम भाषाको सिकाइ उपलब्धि स्तर उकास्ने न्यून अवसर रहेको देखाउँछ । अर्कातर्फ कक्षा १ मा भर्ना भएका बालकालिकमध्ये ५ प्रतिशत वा आधाभन्दा कमले विद्यालयको उच्च तहको परीक्षा दिएको देखिन्छ । यसबाट पनि उच्च कक्षामा धेरै विद्यार्थीले नेपाली माध्यम भाषाको उपलब्धि स्तर उकास्ने अवसर नपाएको भेटिन्छ । तसर्थ नेपाली मातृभाषीभन्दा नेपाली इतर मातृभाषीहरू माध्यम भाषामा बहुधा कमजोर हुन पुग्छन् । आधारभूत वा प्राथमिक तह नै माध्यम भाषासिकाइको महत्वपूर्ण जग हो । जगमा अध्ययन गर्ने नेपालीभाषी र नेपाली इतरभाषीबीच सिकाइको उपलब्धिस्तरमा भिन्नता रहेको छ । अर्थात् माध्यम भाषामा नेपाली इतर मातृभाषीहरू नेपाली मातृभाषीभन्दा कमजोर भेटिन्छन् । एकातिर नेपाली भाषाको वातावरणीय र सामाजिक विस्तारको दबाबले नेपाली भाषामा सम्प्रेषण गर्नुपर्ने बाध्यता छ भने अर्कोतिर नेपालको संविधान २०७२ को धारा ७ ले नेपालको सरकारी कामकाजमा नेपाली भाषा प्रयोगलाई बाध्यकारी बनाएको छ । यस्तो स्थितिमा सामाजिक र सरकारी सम्प्रेषणमा नेपाली मातृभाषी र इतर मातृभाषी नेपालीलाई औसत समान बनाउनेतर्फ नेपाल सरकारले सोच राखेको देखिन्न । जबसम्म सम्प्रेषणमा औसत समान बनाउने शोच राखिन्न तबसम्म भाषिक सम्प्रेषण सामर्थ्यमा विभेद कायम रहन्छ । यस विभेदले नेपालमा शिक्षा, राजनीति, प्रशासन, न्याय आदि राज्यका विविध सरकारी निकाय र अन्य गैरसकारी निकायका प्रवेशक नेपाली पीडित हुन पुग्छन् ।

यी निकायमा सबै मातृभाषीलाई औसत समान बनाउने शोच राख्दा शैक्षिक गुणस्तर वा सिकाइ उपलब्धिको अध्ययन र यसका निष्कर्षले सरकारलाई सहयोग पुऱ्याउँछ भन्ने ठानिन्छ । अन्तर्राष्ट्रिय रूपमा शैक्षिक गुणस्तरको अध्ययन गर्ने प्रचलन विसं २०४७ पछि प्रारम्भ भएको हो । नेपालमा भने यो अध्ययन गर्ने प्रचलन विसं २०५४ देखि सुरु भएको देखिन्छ । सर्वप्रथम अध्ययनको परिकल्पना विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले गरेको थियो । परिकल्पना अनुसार शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०६६) को स्थापना भएको देखिन्छ । विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्न शिक्षा ऐन २०२८ को ७ ख मा पनिशैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था रहेको छ । यसलेकक्षा ३, ५, ८ र १० को उपलब्धिको अध्ययन गरिसकेको छ । पङ्क्तिकारको शोध प्रबन्ध 'प्राथमिक विद्यालयका नेपाली इतरमातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइ उपलब्धिको अध्ययन' (२०६७ : ५२) मा उल्लेख भए अनुसार यस सालभन्दा अगाडि सेरिड, न्यू इरा, शैक्षिक विकास सेवा केन्द्र, प्राथमिक शिक्षा विकास परियोजना, आधारभूत प्राथमिक शिक्षा परियोजना र शिक्षा विभाग आदि निकायबाट कक्षा ३ का ३ ओटा र कक्षा ५ का ७ वटा गरी १० ओटाजति सिकाइ उपलब्धि सम्बन्धी अध्ययन भएका देखिन्छन् । यीमध्ये शैक्षिक विकास सेवा केन्द्र (२०५४) ले गरेको कक्षा ५ को नेपाली, गणित र सामाजिक विषयको सिकाइ उपलब्धि अध्ययनलाई नेपालको पहिलो सिकाइ उपलब्धि अध्ययन ठानिन्छ । नेपाली इतर मातृभाषी विद्यार्थीका दृष्टिले अध्ययन हेर्ने हो भने यसमा ७१ प्रतिशत नेपाली मातृभाषी र २९ प्रतिशत नेपाली इतर मातृभाषी विद्यार्थी सम्मिलित भएका छन् । यी अध्ययनहरू नेपाली मातृभाषी र इतर मातृभाषी विद्यार्थीका सिकाइको अन्तर पत्ता लगाउने दृष्टिले भएका अध्ययन होइनन् । अर्थात् उल्लिखित विभिन्न निकायहरूले गरेका १० ओटा र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका ३-४ ओटा उपलब्धि अध्ययनमा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीको नेपाली, विज्ञान, गणित र सामाजिक आदि विषयको उपलब्धिको विशेष अन्तर केलाएको देखिन्न । तर 'प्राथमिक विद्यालयका नेपाली इतरमातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइ उपलब्धिको अध्ययन' (२०६७) भन्ने शोध प्रबन्धले भने नेपाली मातृभाषी र नेपाली इतर मातृभाषीको सिकाइ उपलब्धिको विशेष अन्तर केलाएको देखिन्छ । किन्तु यसले पनि नेपाली माध्यमबाट सिकाइ हुने गणित, सामाजिक, विज्ञान आदि अन्य विषयका सिकाइ उपलब्धिका बारेमा अध्ययन गरेको देखिँदैन । विश्व विद्यालयका स्नातक जस्ता उच्च कक्षामा सीप विकासका दृष्टिले नेपाली भाषाको अध्ययन नगरे पनि नेपाली मातृभाषीलाई सरकारी कामकाज र सामाजिक सम्पर्क भाषण आदि गर्न तथा सेवा आयोगहरूको परीक्षा दिन जति सजिलो हुन्छ, त्यति सजिलो नेपाली इतर मातृभाषीलाई हुँदैन । किनभने सामाजिक सम्पर्क र सम्प्रेषणमा पनि सजिलो होस् भन्ने हेतुले नेपाली मातृभाषी र नेपाली इतर मातृभाषीलाई विद्यालयका सबै कक्षामा नेपाली मातृभाषीलाई उपयुक्त हुने भाषा पाठ्य सामग्री र समान शिक्षण विधिबाट शिक्षण गराइएको देखिन्छ । सिकाइ उपलब्धि विश्लेषण गर्दा यी दुईथरि विद्यार्थीलाई एउटै भाषिक पाठ्य सामग्रीबाट विद्यार्थीहरूलाई एउटै बास्केटमा राखेर शिक्षण गराउँदा औसतमा समान सिकाइ उपलब्धि आएको देखिन्न । असमान सिकाइ उपलब्धिका कारण राष्ट्रका विभिन्न सरकारी निकायमा सेवा आयोगमार्फत् प्रवेश गर्दा विभेद सिर्जना गरेको देखिन्छ । त्यसैले सेवा आयोगलाई बाहुन सेवा आयोग भनेको पनि सुनिन्छ । न्यूनाधिक नेपालीभाषा सिकाइ उपलब्धिका कारण यो विभेद भएको त होइन ? त्यतातर्फ राष्ट्रका विविध आयोगको ध्यान जानु आवश्यक छ । तसर्थ वर्तमान पठनपाठनमा नेपाली माध्यमका कारण गणित, सामाजिक, विज्ञानद आदि विषयको सिकाइ उपलब्धि र नेपाली भाषाको सिकाइ उपलब्धिको अध्ययन गराउनेतर्फ भाषा आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मदेशी आयोग, थारु आयोग र आदिवासी जनजाति आयोगहरूको ध्यान जानु आवश्यक छ । यस पङ्क्तिकारको अध्ययनबाट विद्यालयका तल्ला कक्षामा नेपाली इतर मातृभाषीलाई नेपाली मातृभाषी सरह एउटै बास्केटमा राखेर एउटै नेपाली भाषा पाठ्य सामग्री अध्यापन गराउँदा इतर मातृभाषीको सिकाइ उपलब्धि नेपाली मातृभाषी सरह आउन नसक्ने निष्कर्ष आएको छ । 'राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन' (२०५० :२९, राभासुआप्र' ले पनि विद्यालय आइपुग्दा नेपाली भाषाको बिल्कुलै अनुभव नभएका बाल बालिकालाई वर्तमान भाषा पाठ्य सामग्रीबाट नेपाली भाषा सिकाउन कठिन हुन्छ भनेको छ भने पङ्क्तिकारको शोध प्रबन्धका सूचाङ्कहरूले नेपाली भाषाको अनुभव भएका इतर मातृभाषी बाल बालिकालाई पनि नेपाली भाषा सिकाउन कठिन हुने बताएका छन् । तसर्थ विद्यालयका तल्ला कक्षाहरूका नेपाली इतर मातृभाषी विद्यार्थीका निम्ति नेपाली भाषाको अलग भापा पाठ्य पाठ्य सामग्रीको आवश्यकता देखिन्छ । आवश्यकताको अनुभव गरेर नै आजभन्दा ३० वर्षपूर्व राभासुआप्र ( २०५० : २९) ले नेपालका अन्य मातृभाषी वा नेपाली इतर मातृभाषी भएका बालबालिकालाई अलग पाठ्य सामग्री उपयोग गरी नेपाली भाषा शिक्षण गर्नुपर्ने सुझाव दिएको थियो । सम्बन्धित निकायले राभासुआप्रका सुझाउ र प्राथमिक तहका नेपाली इतर मातृभाषीको नेपाली भाषा सिकाइ उपलब्धि अध्ययनका निष्कर्षतर्फ ध्यान दिनु आवश्यक छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आँटिको कार्य पुरा होला । प्रेमसम्बन्धका लागि पनि श्रेष्ठ समय रहेको छ । | **तुला** : कार्य सिद्धिको योग छ । विपरित वर्गबाट सहयोग मिल्नेछ । |
| **वृष** : यात्राका साथै मन कमजोर रहला । आँटिको काममा अवरोध आउनसक्छ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्मकर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । | **धनु** : कुनै कुराले मनमा शान्ति छाउनेछ। गरेका कामबाट राम्रै लाभ हुनेछ । |
| **कर्कट** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अवसर प्राप्त होला । | **मकर** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्मकर्ममा मन पनि लाग्नेछ । |
| **सिंह** : निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउने छ । | **कुम्भ** :रोकिएका कामहरू सुरु हुने छ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** :मनमा दुबिधा उत्पन्न हुनेछ । मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला । | **मीन** : जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ । |





नाटक ● कमल रिजाल

# आहार विज्ञान

समय अपराह्न तीन बजे
पात्रहरू- सुवर्ण - स्वास्थ्य शिक्षा शिक्षक, सुलोचना - कक्षा १० की छात्रा, सुभद्र - कक्षा १० को छात्र, सुप्रभा - कक्षा १० की छात्रा, सुदर्शन - कक्षा १० को छात्र । नेपथ्यमा सामुदायिक विद्यालयको परिसर देखिन्छ । दर्शक दीर्घामा विद्यार्थी र उनीहरूका अभिभावकहरू लहरै बसेका हुन्छन् । रङ्गमञ्चमा शिक्षक सुवर्ण कुर्सीमा बसेर विद्यार्थीहरूको प्रतीक्षा गरिरहेका देखिन्छन् । एक छिनमा विद्यार्थीहरू आएर शिक्षकलाई नमस्कार गर्दै वरिपरि बस्छन् । शिक्षक- 'विद्यार्थीहरूलाई सम्बोधन गद' भन त बाबु नानी हो ! आजको अतिरिक्त कक्षामा के पढ्ने विचार गरेका छौ । विद्यार्थीहरू 'सामूहिक स्वरमा' खानाका बारेमा जान्न चाहन्छौँ गुरु ! शिक्षक- राम्रो, तर कुन कुरा जान्न चाहेका हौ त्यसबारे विचार गरेका छौ ? सुलोचना- अस्ति तपाईँले हीतभुक, ऋतभुक र मीतभुकमा ध्यान दिनुपर्छ भन्नुभएको थियो त्यो भनेको के हो गुरु ! शिक्षक- ए ! त्यो ? लौ सुन । हीतभुक भनेको फाइदा गर्ने चीज मात्र खानुपर्छ भन्ने हो । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने बुझ्नुपर्छ । अनि मीतभुक भनेको थोरै खानुपर्छ भन्ने हो । सुभद्र- कुन समयमा कुन चीज खाने भन्ने नियम पनि छ कि गुरु ! शिक्षक- छ नि किन छैन । मङ्सिर पुस महिनातिर चिसो बढी हुन्छ । त्यसले शरीरको बाहिर एउटा आवरण बनाउने काम गरेको हुन्छ । यसबाट शरीरको गर्मी बाहिर जान पाउँदैन र पाचनशक्ति बढाउने गर्छ । त्यसैले यतिबेला पिरो, अमिलो, तीतो र चिल्लो भोजन गर्नु उपयुक्त हुन्छ । यसबाहेक यतिबेला नयाँ अन्न खानु बढी उपयुक्त हुन्छ । नयाँ अन्नमा भिटामिन बढी हुन्छ । बढी भिटामिन पचाउन पाचन शक्ति पनि त्यस्तै हुनुपर्ने हुन्छ, जुन यति बेलाको समयले दिएको हुन्छ । त्यस्तै माघ र फागुन महिना पनि चिसै महिना हो । त्यसैले यतिबेला पनि यस्तै आहार उपयुक्त हुन्छ । सुदर्शन- अनि अन्य समयको खाना कस्तो हुनुपर्छ नि गुरु ! शिक्षक- ठीक भन्यौ । चैत र वैशाखतिरको खाना अमिलो, मीठो र रसिलो उपयुक्त हुन्छ । जौ, गहु आदि पनि यतिबेलाका उपयुक्त आहार हुन् । त्यस्तै जेठ र असारतिरका खाना चिसो र मधुर हुनु राम्रो हुन्छ । दूध, दही, घ्यु र चामल यतिबेलाका उपयुक्त आहार हुन् । बढी नुनिलो, अमिलो, तीतो तथा तातो चीजबाट भने बच्नुपर्ने हुन्छ । त्यसैगरी साउन र भदौतिर जौ, गहुँ, तथा चामल खानु राम्रो मानिन्छ तर ती सकेसम्म पुरानो राम्रो हुन्छ । सम्भव भएसम्म खानामा मह मिलाएर खाँदा बढी फाइदा गर्छ । यतिबेला नदी तथा खोलाको पानी खान तथा पानीमा घोलेको सातु भने खानुहुँदैन । त्यस्तै असोज र कात्तिकतिरको समयमा मधुर र शीत प्रधान खाद्यान्न राम्रो मानिन्छ । यो पित्तजन्य प्रकोपको समय भएकाले पित्त बढाउने खाना भने सकेसम्म नखाँदा नै राम्रो हुन्छ । सुलोचना- ऋतभुकलाई पनि थप प्रष्ट पारिदिनुहुन्छ कि गुरु ! शिक्षक- अवश्य । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने त बुझिहाल्यौ । जहाँसम्म नियमपूर्वक खानुपर्छ भनेको के हो भन्ने कुरा छ । त्यो भने हरेक कुराको नियम हुन्छ । यसमा खाना पनि पर्छ । तरिका मिलाएर खाए त्यही खाना अमृत बन्छ नत्र विष बनेर दुःख दिन सक्छ । खाना खाँदा सुरुमा ठोस् बीचमा पिरो र अन्त्यमा तरल चीज खानु राम्रो हुन्छ तर धेरै पिरो, अमिलो, चिल्लो, गुलियो, नुनिलो, चिसो र तातो नहोस् भन्नेतर्फ भने सतर्क हुनुपर्छ । तातो खाएको लगत्तै चिसो खानु राम्रो हुन्न । खानासित पानी खानु पनि राम्रो होइन । त्यसैले खाएको एक घण्टापछि मात्र खानुपर्छ । बेलुका सुत्ने बेला तातो र बिहान उठ्ने बित्तिकै चिसो पानी खानु राम्रो हुन्छ । बासी, सडेगलेको र गरिष्ठ चीज कहिल्यै पनि खानुहुँदैन । बेलुका सकेसम्म सुत्नुभन्दा दुई घण्टा अगाडि नै खाइसक्नुपर्छ । फलफूल स्वास्थ्यवर्धक हुन्छन् तर बेलुका सुत्ने बेलामा र बिहान खाली पेटमा भने नखाँदा नै राम्रो हुन्छ । सुभद्र- अनि मीतभुक भनेको के हो नि गुरु ! शिक्षक- यो भनेको थोरै खानुपर्छ भन्ने हो तर यसको अर्थ पेट भोकै राख्ने भन्ने होइन । सकिन्छ भने पेटको दुई भाग मात्र खानाले भर्नुपर्छ । एक भाग पानीलाई र एक भाग वायुलाई खाली छाडिदिँदा बढी राम्रो हुन्छ । त्यसैले एकैचोटी कोचिकोची खानुभन्दा थोरथोरै गरेर पटक पटक खानु राम्रो हुन्छ । बिहानको भन्दा बेलुकाको खाना हल्का हुनुपर्छ । बिहानको खाना मागेर र बेलुकाको खाना बाँडेर खानु भन्ने त भनाइ नै छ । यत्तिकैमा समय सकिएको घण्टी बज्छ । पर्दा खस्छ र सबै घरतिर लाग्छन् ।

*-रातोपाटी डटकम*



> *तातो खाएको लगत्तै चिसो खानु राम्रो हुन्न । खानासित पानी खानु पनि राम्रो होइन । त्यसैले खाएको एक घण्टापछि मात्र खानुपर्छ । बेलुका सुत्ने बेला तातो र बिहान उठ्ने बित्तिकै चिसो पानी खानु राम्रो हुन्छ । बासी, सडेगलेको र गरिष्ठ चीज कहिल्यै पनि खानुहुँदैन । बेलुका सकेसम्म सुत्नुभन्दा दुई घण्टा अगाडि नै खाइसक्नुपर्छ । फलफूल स्वास्थ्यवर्धक हुन्छन् तर बेलुका सुत्ने बेलामा र बिहान खाली पेटमा भने नखाँदा नै राम्रो हुन्छ ।*


**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०२/०३**

भुबन नन्द भट्टराईको नाती, जेदुपती भट्टराईको छोरा, पाल्पा जिल्ला तानसेन नगरपालिका वंडा नं ९ बस्ने श्री शुकदेव भट्टराईको मिति २०८०/१०/०९ गते मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं.०४०००२५७८६२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनि निज खातावालको श्रीमती रेखा भट्टराईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेपउपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबीगर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**कुमारी बैंक लिमिटेड**
**शाखा कार्यालय,पाल्पा**
**सम्पर्क नं. ०७५-५२२६९०, ०७५-५२२८१५**


कथा ● खड्गबहादुर कौशिक

# नातिको प्रश्न

रोहन ! मेरो प्रिय नाति ! पाँच वर्षको । उमेरभन्दा दुई गुणा अघि कुदेको छ उसको सोचाइ र बुझाइ । त्यसैले पनि होला प्रश्न गर्नमा माहिर छ । उसका प्रश्नले घरपरिवार नै आच्छुआच्छु बनाउँछ । मामलमा हजुरबाको मृत्यु भएपछि आमासँग रोहन मामल गएको थियो । त्यहाँबाट फर्केपछि झन् गाह्रो प्रश्न गर्ने गरेको छ । मृत्यु सम्बन्धित अद्भुत प्रश्नहरू!

प्रश्न सुन्ने कसैलाई पनि यो कुरा विश्वास गर्न गाह्रै पर्छ । यति साह्रो बुद्धि प्रखर कसरी भयो उसको ? ताजुब हुन्छन् देख्ने-सुन्ने । यसैले त भन्ने ढुक्कै भन्छन्, 'दस वर्ष नाघेका नानी केटाकेटी पनि ऊ बराबर मान्न सक्दैनन् ! मानिँदैनन् ! धेरैलाई त उसका प्रश्नै अचम्मका हुन्छन् । के जवाफ फर्काउने भनी हामी स्वयम् टोलाउँछौं ।' भेट हुने तीन छक्क पर्छन् । रोहनको घरबाट कोही पनि फर्कंदा यस्तै विविध उपलब्धि लिएर फर्कने गर्छन् ।

कसै कसैले बाहिर पाखा रोहनका घरकाले नसुन्ने गरी भनेको सुनिन्छ, 'यति कलिलो उमेरमा यस्तो छ ! पछि सम्हाल्न सकिन्न कि ! उसको भविष्य उज्ज्वल छ या घुमैंलो ? अहिले भन्न साह्रो छ !' यस्ता जोखाना हेर्नेको संख्या पनि कम छैन ! बरु बढ्दै छ । तर मान्छेलाई उसको वर्तमानले भाउन्न छुट्याएको छ ! सो कुरा स्वीकार नगरे पनि अस्वीकार गर्न लगभग असम्भव नै छ । रो

'नयाँ जमानाकै चमत्कार होला भनी चित्त बुझाउने धेर नभए पनि थोर छैनन् । बढ्दो बदलिंदो जमाना ! बदलिंदो जमानाको उपज हो । अचेलका केटाकेटी सबै एकसे एक छन् । सोचे भन्दा बढी एडभान्स ! उमेर न बाधा न फरक ! नत्र पाँच वर्षे नानी यति असाध्यै चतुर्याइँ कसरी हुन्छ ! आम्मा ! के हो यस्तो ? जन्मिँदै तीन पाते !' देख्ने-सुन्नेको मुखबाट यस्तै बोली निस्केको सुनिन्छ । तर ऊ चित्त नबुझे सम्म प्रश्न माथि प्रश्न थप्छ । हम्मेसि थामिँदैन । यसै उसको हर चिजमा कौतूहल झन् भन्दा झन् बढिरहेको हुन्छ । उसको प्रश्न गराइमा समयसीमा हुँदैन । पाँच वर्षको बालक न हो ।

गणपति मास्टरले समेत रोहनले प्रश्न गरेको देखेर भने, 'नानी केटा केटीले प्रश्न गरेको चतुराइको लक्षण हो ! सोधे जानेको कुरा भनिदिएको राम्रो ।' मास्टरको सुझावअनुसार झर्को नमानी जानेअनुसार मिलाएर छोराको प्रश्नको जबाफ दिने काम हीमाको बढेको छ । छोराको हर प्रश्न सकिनसकी, झर्को नमानी उत्तर दिने धैर्य जुटाउन कर लागेको छ । बाबु रतिकान्तलाई अफिस जाने आउने धमाधम । जति बेला हेऱ्यो अफिसकै काममा व्यस्त । सायद त्यसैले होला रोहन, बाबु भन्दा बढी आमा र हजुरबालाई पच्छ्याउने गर्छ । ....माइतबाट आएका दिनदेखि हीमालाई रोहनले मृत्यु सन्दर्भमा गरेका अद्भुत प्रश्नका जबाफ दिन त के, अघिल्तिर उभिन उसलाई हम्मे हम्मे पारेको छ । नपारोस् किन ? कतिपय प्रश्न हीमाले पनि बल्ल सुन्दै छ । जसको उत्तर न ऊसँग ! न खोज्दा भेट्छे ! तर उसलाई रोहनले निरुत्तर भई बस्न कतै दिँदैन । आमाको स्थिति ऊ बुझ्दैन । बुझ्नु छैन उसलाई । हीमालाई न बोल्दा सन्च ! न चुप्प बस्दा । यो बिसन्च हीमाले मात्र मज्जाले बुझेकी छ । बुझ्न परेको छ ।

... रोहनका मुखमा मृत्यु सम्बन्धित सबै उत्तर फर्काउन सजिलो नहुने कुरा हीमाले बल्ल बुझी ! जानी । एक्कासि रिस र झर्को मान्दै हीमा भेउ नपाएर छोरालाई अलिक साह्रो हकार्छे, 'यहाँ मलाई वाक्क नपार है । जा तेरा हजुरबालाई गएर सोध् ! टाउको मेरो कति खान्छस् ?' कुरा के हो नबुझे पनि पाँच वर्षको नातिलाई बुहारीले गाली गरेको सुनेर हजुरबाले बाहिर बरन्डाबाटै सोधे, 'होइन ! ए बुहारी ! बाबुलाई किन गाली गर्छेस् ? खै यता आइज बाबु !' भन्दै नातिलाई मायाले बोलाउँछन् ।

नाति स्याँकसुँक गर्दै हजुरबाको काखमा गुजुल्टिन पुग्छ । हजुर बालाई साउको भन्दा ब्याजको बढी माया छ ! नाति भने पछि हुरुक्क । नाति पनि केही आपत्ति भए सोजै गएर हजुरबासँग पोख्छ । यसै त हजुरबा । नातिलाई हात लाको त के गाली गरेको पनि सुन्न पचाउन सक्दैनन् । सायद हजुरबाको माया रोहनले पनि राम्रो बुझेको छ ।

'...भन् त बाबु के भयो ?' काखमा गुजुल्टो परेको नातिलाई सुमसुम्याउँदै हजुरबाले सोधे । 'हजुरबा ! हजुरबा ! हाम्रा मामलाका हजुरबा कहाँ जानु भयो ?'

'भगवान्को घरमा ।'

'भगवान्को घर कहाँ छ ?'

'अकाशमा !'

'अकाशमा किन जानु भयो त ?'

'भगवान्ले बोलाए !'

'हजुरबा ! भगवान्ले किन बोलाए त?'

'बुढो भएर !' हजुरबाको उत्तर सुनेर अस्सि काटेका हजुरबाको अनुहार पुलुक्क हेरेर रोहनले फेरि प्रश्न सोधे, 'हजुरबा ! हजुरबा ! तपाईंलाई भगवान्ले कहिले बोलाउँछन् ?' नातिको एक्कासि यस्तो प्रश्न सुनेर हजुरबा ट्वाल्ल परेर नातिको मुखमा हेरेको हेरै भए ! केही बोलेनन् । केही दिन पछि छोरा बुहारीसँग हजुरबा पनि हवाई जहाजको सवारी भए । सपरिवार लिएर रतिकान्त हरिद्वार तीर्थ दर्शनमा निस्किए । गुवाहाटीदेखि दिल्लीसम्म हवाई जहाजमा ! जहाजमा आसन ग्रहण गरेर बुहारी सेल्फी लिन व्यस्त । बेला बेला रोहन र हजुरबालाई पनि 'खै यता हेर्नु ! अलिकति हाँसिदिनु !' हीमाले खुसीले भन्दै थिई । अनि सबै हीमा पट्टि फर्कन्थे । तर हजुरबाका आँखा नातिमाथि थियो ।

किन हो नातिले प्रश्न गरेको छैन ! गर्न खोजेर पनि फेरि आँखा अन्त डुलाउँछ । हवाई जहाज उडेको मात्र थियो । हजुरबा बसेको सिटतिर एक्कासि हेर्दै नाति केटो रमाउँदै दुई हात माथि उचालेर जोडले करायो, 'य्या ! अब म ! मामलाका हजुरबालाई आकाशमा देख्न पाउँछु !' सबै छक्क परे ! छेउ छाउका अन्य यात्रीले पुलुक्क रोहनलाई हेरे ।

किन यसरी करायो अरूले बुझे बुझेनन् यो कुरा तर हजुरबाले भने राम्रो बुझे । नाति केटो यतिञ्जेलसम्म किन प्रश्न नगरी बसेको रहेछ । मनमनै सोचे ! बुझे ! नातिले त उनले भनेको कुरा अझ बिर्सिएकै रहेनछ ! यत्तिका दिनसम्म मनमा लिएर हिँडेको रहेछ !

*-साहित्यपोस्ट डटकम*



> *प्रश्न सुन्ने कसैलाई पनि यो कुरा विश्वास गर्न गाह्रै पर्छ । यति साह्रो बुद्धि प्रखर कसरी भयो उसको ? ताजुब हुन्छन् देख्ने-सुन्ने । यसैले त भन्ने ढुक्कै भन्छन्, 'दस वर्ष नाघेका नानी केटाकेटी पनि ऊ बराबर मान्न सक्दैनन् ! मानिँदैनन् ! धेरैलाई त उसका प्रश्नै अचम्मका हुन्छन् ।*

## देशप्रेम



*विमला पाण्डे*

म कसरी पोखुँ मनका भावना
प्रश्न एउटै छ, देश कता छ ।
देश विग्रिएको होईन् , विग्रिदै छ
हामी मानवको सोच यसलाई मेटाउन लागि रहेछौं ।

निकै पर हेर्दा खै कता छ देशको भविष्य
खसकिँदै छ यहाँ आृनो पन हराउँदै छ ।
बस सोच्दै छ त मान्छे आृनो लागि
हारेको हैन देश, हराउँदै छौ हामी आफैं पुर्खाको योगदान किताबी पानामा
सम्झिने बाटो बन्दैछ ।
देशले पनि भित्रबाट मलाई बचाऊ भन्दै छ ।
म विलिन हुन पुगेँ भन्दै चित्कार गर्दै छ देश
सुनिदिने युवा पलायन भैदियो
मेरो अस्तित्व मानवले नै लैदियो ।

युवा देशप्रेम भन्दा अवसरको बाटो खोज्दै छ
आृनो सपनाको पछाडि भाग्दै गर्दा
मलाई बिर्सिए जस्तो लाग्दै छ ।
म हराउँन लागे, मलाई हार्न नदेऊ
मलाई बचाऊँ भन्दै छ देश मलाई बचाऊँ ।

# बजेट खर्च दश महिनामा ६० प्रतिशत




**पाल्पा,** जेठ २/आर्थिक वर्ष २०८०/०८१ सकिन केहि समय मात्रै बाँकी रहँदा बजेट खर्च अत्यन्तै कम देखिएको छ । चालु आर्थिक वर्षको १० महिनामा बिनियोजित कूल बजेटको ६० प्रतिशत मात्र खर्च भएको छ । सरकारले चालु आर्थिक वर्षका लागि विकासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याए पनि बजेट खर्च सन्तोषजनक देखिएको छैन ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार वैशाख मसान्तसम्ममा वार्षिक विनियोजनको ६० दशमलव ३५ प्रतिशत अर्थात् १० खर्ब ५६ अर्ब ८९ लाख २४ हजार बराबर खर्च भएको जनाएको छ । सरकारले चालु आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । वैशाख मसान्तसम्ममा चालुगततर्फ वार्षिक विनियोजनको ६५ दशमलव ९१ प्रतिशत खर्च भएको छ । चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर वार्षिक विनियोजन भएकोमा हालसम्म सात खर्ब ५२ अर्ब ५५ करोड ७३ लाख बराबर खर्च भएको छ । पुँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर वार्षिक विनियोनज भएकोमा सो अवधिमा वार्षिक लक्ष्यको ३७ दशमलव ०४ प्रतिशत अर्थात् एक खर्ब ११ अर्ब ८८ करोड २९ हजार बराबर खर्च भएको जनाइएको छ ।

त्यसैगरी, वित्तीय व्यवस्था शीर्षकमा ६२ दशमलव ६ प्रतिशत खर्च भएको छ । यो शीर्षकमा तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा एक खर्ब ९२ अर्ब ४५ लाख २२ हजार बराबर खर्च भएको हो ।

# बालविवाहविरुद्धको...

...१० कक्षा पढ्दै गरेकी उनलाई पढाइलाई निरन्तरता दिने भनेर बिहे गर्न बाध्य पारिएको थियो । उनलाई झुक्कएर श्रीमती र दुई सन्तान भइसकेका व्यक्तिसँग विवाह गरिएको थियो, त्यो कुरा केटाको घर पुगेपछि मात्रै थाहा भएको थियो । 'श्रीमती र छोरा भएको मानिसले मलाई झुठ बोलेर किन बिहे गरेको ? भनेर प्रश्न गर्दा केटा पक्षले परिवारसँग पैसा लिएर विवाह गरेको भन्न जवाफ आयो । बाँकी दु:ख र यातनाका कुरा त गरिसाध्य छैन', उनले भनिन् । उनले स्थानीय फातिमा फाउन्डेनको सहयोगमा अहिले कक्षा १२ को परीक्षा सकेर बसेकी छन् । सोही फाउन्डेसनको सहयोगमा उनी बालविवाहविरुद्धको अभियानमा जोडिएकी छन् । दलित महिला उत्थान संघ बर्दिया, फातिमा फाउन्डेसन नेपालले बाँके, सोइया महिला स्वावलम्बी संस्था रुपन्देही, सिर्जनशील संस्था नेपाल रुपन्देही र मुक्त कमलहरी विकास मञ्चले बालविवाह रोकथामसम्बन्धी सचेतना फैलाउन यस्तै युवतिलाई संगठित गर्ने काम गरिरहेका मुक्त कमलरी विकास मञ्चका ज्ञानु थापाले जानकारी दिइन् । उनले भनिन, 'किशोरकिशोरीको समूह बनाएर बालविवाहका नकारात्मक पक्षबारेमा जानकारी दिने गरेका छौँ । बालविवाह गरेका र गर्नबाट जोगिएका किशोरीहरु हाम्रो अभियानमा खुलेर लागेका छन् ।-**रासस**


## शिक्षक आवश्यकता

***प्रकाशित मिति : २०८१/०२/०३***

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०२ गतेको निर्णय अनुसार विद्यालयमा आधारभूत तहका लागि विज्ञान विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०६/२०८०/०८१, **पद** : शिक्षक,
**संख्या** : १ (एक), **विषय** : विज्ञान
**शैक्षिक योग्यता** : १०+२ वा सो सरह ।, **निवेदन दस्तुर** : रु.५००/-
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०२/०९ गते
**सम्पर्क मिति** : २०८१/०२/०९ गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१
***(नोटः माथिल्लो योग्यता,कक्षा ९ र १०मा गणित तथा तथ्याङ्क विषय अध्यापन गर्न सक्नेलाई विशेष माह्यता दिइने छ ।)***

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
**तानसेन-२, पाल्पा**



## पाल्पाको भैवस्थान मन्दिर जाऔं मनोकामना पुरा गरौ

पाल्पाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल भैवस्थान मन्दिरमा गई भाकल,पूजापाठ गरेमा मनोकामना पूरा हुने विश्वास रहेको छ।




**श्री भैरवनाथ मन्दिर व्यवस्थापन समिति**
रिब्दीकोट गाउँपालिका-४ भैवस्थान, पाल्पा


## खेलकुद समाचार

### दीपेन्द्रको वरीयतामा सुधार, रोहितको घट्यो



**काठमाडौं,** जेठ २/नेपालका अलराउण्डर दीपेन्द्रसिंह ऐरी अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को टी-२० अलराउण्डर वरीयतातर्फ शीर्ष १० मा अटाएका छन् । आईसीसीले जारी गरेको नयाँ वरीयतामा दीपेन्द्र टी-२० अलराउण्डरतर्फ १० औं स्थानमा छन् । उनले एक स्थान सुधार गरेका हुन् ।

टी-२० अलराउण्डरतर्फ श्रीलंकाका वानिन्दु हसरंगा शीर्षस्थानमा छन् । दीपेन्द्र भन्दा अघि इंग्ल्यान्डका मोईन अली ९ औंर लियाम लिभिङस्टोन ८ औं स्थानमा छन् । दीपेन्द्र शीर्ष १० मा अट्ने एसोसिएटको एक्लो अलराउण्डर हुन् । अलराण्डरतर्फ एसोसिएटबाट दीपेन्द्रपछि नामिबियाका जेराल्ड इरास्मस १३ औं स्थानमा छन् । टी २० को अलराउण्डरतर्फ कुशल मल्ल ३२ औंर गुलशन झा ६० औं स्थानमा यथावत् छन् ।रोहित पौडेल एक स्थान घट्दै ६५ औं स्थानमार करण केसीले एक स्थान सुधार गर्दै ७४ औं छन् । टी-२० को बलिङको वरीयतामा सोमपाल कामी ९२ औं स्थानमा यथावत् छन् । ब्याटिङतर्फ टी-२० मा दीपेन्द्र ५० औं स्थानमा यथावत् छन् ।रोहित पौडेल ३ स्थान तल झर्दै ६१ औं स्थानमा पुगेका छन् । आसिफ शेख एक स्थान तल झर्दै ८७ औं स्थानमा छन् । नेपाल टी २० आई वरीयतामा १७ औं स्थानमा छ ।


## वर्गिकृत डिस्प्ले

***१X५ साइजमा मात्र***

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............


'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## कर्पोरेट/अर्थ समाचार

### साढे नौ अंकले घट्यो नेप्से



**पाल्पा,** जेठ २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा नौ दशमलव ५४ अङ्कले गिरावट आएको छ । बुधबार नेप्सेमा गिरावट आएको हो ।

नौ दशमलव ५४ अंकले घटेर २ हजार १७. दशमलव ९७ अंकमा ओर्लेको छ । अघिल्लो दिनको तुलनामा यो ०.४७ प्रतिशतले कम हो । गत बिहीबार यता निरन्तर बढेको नेप्से बुधबार घटेको छ । बुधबार कारोबारमा आएकामध्ये ६५ वटा कम्पनीको सेयर मूल्य बढ्यो, १७२ वटाको घट्यो र बाँकी ८ वटा कम्पनीको सेयर मूल्य स्थिर छ । नेप्से परिसूचक घटेसँगै बुधबार कारोबार रकम पनि अघिल्लो दिनको भन्दा घटेको छ ।

बुधबार ५५ हजार ८ सय ६२ पटकको कारोबारबाट ८४ लाख ९० हजार ७ सय २२ कित्ता सेयर किनबेच भए । ती किनबेचमा करिब ३ अर्ब ७० करोड ८४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । मंगलबार सेयर बजारमा ४ अर्ब ८ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४०, म्युचुअल फण्ड एक दशमलव १७ र व्यापार समूह एक दशमलव १६ प्रतिशतले बढेको छ भने अरु सबै समूहका उपसूचक घटेको छ । सबैभन्दा धेरै घट्नेमा भने जलविद्युत् र होटल तथा पर्यटन समूह शून्य दशमलव ८० र अन्य समूह शून्य दशमलव ९४ प्रतिशतले घटेको छ । उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै पिपुल्प पावर लिमिटेडको ११ करोड ८९ लाख ९५ हजार तीन सय ६४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने साङ्गीला डेभलपमेन्ट बैंक लिमिटेडको सबैभन्दा बढी दुई लाख ४१ हजार आठ सय ९७ कित्ता शेयर किनबेच भएको छ ।


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**



## 'विषादी बिष हो : औषधी होइन'

- बिषादी प्रयोग गर्दा सुरक्षित पहिरनको प्रयोग गर्ने गरौँ ।
- गुणस्तरहिन तथा म्याद नाघेको बिषादीहरुको प्रयोग नगरौँ ।
- बिषादी प्रयोग गरेको अवस्थामा खानेकुरा, पेय पदार्थ, सूर्ति तथा चुरोटपान आदि सेवन नगरौँ ।
- ज्यादै कडा तथा आवश्यकता भन्दा बढी बिषादीहरुको प्रयोग नगरौँ ।
- स्पष्ट जानकारी बिना बिषादीहरु एक अर्कामा मिसाइ प्रयोग नगरौँ र पानी परेको, हावा चलेको तथा शित परेको अवस्थामा बिषादीहरुको प्रयोग नगरौँ ।

**अनुरोधक**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छि विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)**
**पाल्पा**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई